संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ४६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन ८ गते आइतबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री लालबाबु पण्डित
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना कुमारी श्रेष्ठ
४. मा० श्री विनादेवी बुढाथोकी
५. मा० श्री विन्दा पाण्डे
६. मा० श्री विमला विश्वकर्मा
७. मा० श्री विष्णु शर्मा
८. मा० श्री शान्ता चौधरी
९. मा० डा० शिवमाया तुम्वाहाङफे
१०. मा० श्री शेरबहादुर तामाङ
११. मा० श्री सत्यनारायण शर्मा खनाल
१२. मा० श्री सत्य पहाडी
१३. मा० श्री समिना हुसेन
१४. मा० श्री सरिता कुमारी गिरी
१५. मा० श्री सरवत आरा खानम
१६. मा० श्री सिताराम महतो
१७. मा० श्री सञ्जय कुमार गौतम
१८. मा० श्री हरिराज अधिकारी
१९. मा० श्री हिरा गुरुङ्ग

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० भीमबहादुर रावल
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री हितबहादुर तामाङ्ग
४. मा० श्री रामबाबु कुमार यादव
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री हृदयेश त्रिपाठी
७. मा० श्री अतहर कमाल मुसलमान
८. मा० श्री दिल कुमारी
९. मा० श्री महेश बस्नेत
१०. मा० श्री गंगा चौधरी (सत्गौवा)

तत्पश्चात शिक्षा तथा स्वास्थ्य समितिका मा० सभापति श्री जयपुरी घर्तीले "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको कारागार विधेयक, २०७६ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित "कारागार विधेयक, २०७६" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री नवराज सिलवाल
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री गोपाल बहादुर बम
५. मा० श्री सरिता कुमारी गिरी
६. मा० श्री मिना सुब्बा
७. मा० श्री सत्यनारायण शर्मा खनाल
८. मा० श्री समिना हुसेन
९. मा० श्री मिनबहादुर विश्वकर्मा
१०. मा० श्री दिल कुमारी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री सञ्जय कुमार गौतम
१३. मा० श्री राजेन्द्र कुमार के.सी.
१४. मा० श्री ईन्दु कुमारी शर्मा
१५. मा० श्री मायादेवी न्यौपाने
१६. मा० श्री गोमा देवकोटा
१७. मा० श्री देवेन्द्र राज कंडेल
१८. मा० श्री विष्णु शर्मा
१९. मा० श्री गजेन्द्र बहादुर महत
२०. मा० श्री बिमला बि.क.
२१. मा० श्री पूर्ण कुमारी सुवेदी
२२. मा० श्री खेमप्रसाद लोहनी
२३. मा० श्री दुर्गबहादुर रावत
२४. मा० श्री विन्दा पाण्डे
२५. मा० श्री झपटबहादुर रावल

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सममाननीय सभामुखले "कारागार विधेयक, २०७६" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३७ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम

सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ६७ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै बैठक पन्ध्र मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक पन्ध्र मिनेटपछि बस्ने गरी दिनको ४:४५ बजे स्थगित भयो ।

पन्ध्र मिनेटको लागि स्थगित भएको प्रतिनिधि सभाको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ५:०० बजे प्रारम्भ भयो ।

त्यसपछि सममाननीय सभामुखले “कारागार विधेयक, २०७६” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३७ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ७१ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उल्लिखित प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “कारागार विधेयक, २०७६” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३७ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५१ सम्म “कारागार विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “कारागार विधेयक, २०७८” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खांणले “कारागार विधेयक, २०७८ लाई पारित गरियोस् ” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले “मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गिरिराजमणि पोखरेल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री रेखा कुमारी
४. मा० श्री घनश्याम खतिवडा
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री राजेन्द्र कुमार के.सी.
७. मा० श्री सञ्जय कुमार गौतम

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७९ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ५७ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल साउन १० गते मंगलबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक अपरान्ह ६:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव